महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

अजिरकोट गाउँपालिका

गोरखा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

अजिरकोट गाउँपालिका

गोरखा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

अजिरकोट गाउँपालिका

गोरखा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ५१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
अजिरकोट गाउँकार्यपालिकाको कार्यालय,
गोरखा।

कैफियत सहितको राय

हामीले अजिरकोट गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ८३ लाख ५४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १५ लाख ६२ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १४ लाख २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू २८ लाख १७ हजार, नियमित गर्नुपर्ने रु २५ लाख ५० हजार र रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ६ करोड ८४ लाख ४५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ७ करोड ५२ लाख ३७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

अजिरकोट गाउँपालिका, गोरखा

चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
४१	४६	८३५४	०	१०	१५६२	४१	३६	६७९२	१४२५	२५५०	२८१७	०	०	५३६७	०

१.२. प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	२१	विभाज्यकोषको रकम बाँडफाँड भएको	१३६४६०
२	२४	मुल्यअभिवृद्धि कर दाखिला	२२८६०४
३	३६	अनियमित देखिएको भ्रमण भत्ता रकम नियमित भइ पेश भएको	१०००००
४	३७	जनस्वास्थ्य अधिकृत सुरेश दवाडी र जनस्वास्थ्य निरिक्षक ठाकुर प्रसाद भट्टको स्वीकृत वेगरको भ्रमण खर्च रकम असुल भइ दाखिला	२२४००
५	३९	स्वीकृत कार्यक्रम वेगरको खर्च	७२०००
६	४५	लागत बाडँफाँड भइ संचित कोषमा दाखिला	२०२७२१
७	४९	विद्यालयमा वितरण नभई भण्डारमा रहेको सेनेटरी प्याड वितरण भई प्रमाण पेश भएको	७०५७९८
८	५३	समपुरक अनुदान रकम फिर्ता भई दाखिला	४४३१६
९	५६	लागत अनुमान तथा प्राविधिक मुल्यांकन वेगर भुक्तानी भई अनियमित देखिएको रकम नियमित भइ पेश भएको	५००००
		जम्मा रकम	१५६२२९९

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

पालिकाको नाम	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
अजिरकोट गाउँपालिका,गोरखा	६८४४५	०	०	६८४४५	०	६७९२	७५२३७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: अजिरकोट गाउँपालिका, गोरखा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	भेष राज आचार्य	२०७८-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	सरिता डुम्रे	२०७६-९-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	६,७९१,६४४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१३,७३,९३,४३३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३०,८८,०५,०००	**चालु खर्च**	२२,३७,२२,६१५
प्रदेश सरकारबाट अनुदान	१,८३,८९,०००	**पूँजीगत खर्च**	१६,४३,०८,९७७
राजश्व बाँडफाँट	६,६३,१४,८२९	**वित्तीय/अन्य व्यवस्था**	१२,२४,१०,५७५
आन्तरिक आय	५०,७७,३१४		
अन्य आय	११,१०,२६,६३९		
कुल आय	५०,९६,१२,७८२	**कुल खर्च**	५१,०४,४२,१६७
बाँकी मौज्दात		१३,६५,६४,०४७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**लेखापरीक्षणका क्रममा असुली** लेखापरीक्षणका क्रममा सामाजिक सुरक्षातर्फको १००८९८३ र लघु उद्यमतर्फको २८००० सहित रु १०३६९८३ संचित कोषमा दाखिला भएको छ ।	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, १९८।०५ वर्ग किलोमिटर क्षेत्रफल तथा १४८०२ जनसंख्या रहेको छ	
३			**लेखपरीक्षण** लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ ।	
४			**आर्थिक विवरण**	

प्रासी भुक्तानी हिसाव			
विवरण	यस वर्ष रु.		
	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा
प्रासी (क+ख)	४११०५०५७४.५	४०६८७६२५५.२३	४०६८७६२५५.२३
क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने)	४०६७७१६६७	३९८५८६१४४.५१	३९८५८६१४४.५१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			११००० कर	७०७११०००	६८१८८७६४.५८	६८१८८७६४.५८	
			१३००० अनुदान	३३२६००६६७	३२७१९४०००	३२७१९४०००	
			संघीय सरकार	३०९२११६६७	३०८८०५०००	३०८८०५०००	
			प्रदेश सरकार	२३३८९०००	१८३८९०००	१८३८९०००	
			१४००० अन्य राजस्व	३४६००००	३२०३३७९.९३	३२०३३७९.९३	
			ख. अन्य प्राप्ति	४२७८९०७.५	८२९०११०.७२	८२९०११०.७२	
			वितरण गर्न बाकि राजस्व	०	३४११५०	३४११५०	
			कोषहरु	४२७८९०७.५	४८५०९४३	४८५०९४३	
			धरौटी	०	३०९८०१७.७२	३०९८०१७.७२	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	
			भुक्तानी (ग+घ)	५२४४१४९०७.५	३९०७८९५९२	३९०७८९५९२	
			ग. भुक्तानी (सञ्चित कोषबाट)	५२०१३६०००	३८८०३१५९५.३९	३८८०३१५९५.३९	
			२१००० पारिश्रमिक / सुविधा	९७०८५०००	९३१०५१०३.४६	९३१०५१०३.४६	
			२२००० मालसामान तथा सेवाको उपयोग	१९९९२३०००	१२५१७२३०६.११	१२५१७२३०६.११	
			२५००० सहायता (Subsidy)	०	०	०	
			२६००० अनुदान	०	०	०	
			२७००० सामाजिक सुरक्षा	७४६३०००	४५८६९७५	४५८६९७५	
			२८००० अन्य खर्च	१२०००००	८५८२३०	८५८२३०	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	२१४३१५०००	१६४३०८९८०.८२	१६४३०८९८०.८२	
			३२००० वित्तीय सम्पत्ति	१५००००	०	०	
			घ. अन्य भूक्तानी	४२७८९०७.५	२७५७९९६.६१	२७५७९९६.६१	
			कोषहरु	४२७८९०७.५	२४६५१०८	२४६५१०८	
			धरौटी	०	३८७३११	३८७३११	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी</td><td></td><td>-९४,४२२.३९</td><td>-९४,४२२.३९</td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td>-११३३६४३३३</td><td>१६०८६६६३.२३</td><td>१६०८६६६३.२३</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td>३१५४२३०.९९</td><td>३१५४२३०.९९</td></tr>
<tr><td>वर्षान्तकोबा की रकम (ङ + च)</td><td>-११३३६४३३३</td><td>१९२४०८९४.२२</td><td>१९२४०८९४.२२</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td></td><td>२१७६८८७३.०२</td><td>२१७६८८७३.०२</td></tr>
</table>
अन्तरसरकारी अख्तियारीतर्फको आम्दानी तथा खर्चको विवरण
<table>
<tr><th>आम्दानी</th><th>रकम</th><th>खर्च</th><th>रकम</th></tr>
<tr><td>सामाजिक सुरक्षा</td><td>९५७९८७०६</td><td>सामाजिक सुरक्षा</td><td>९५७९८७०६</td></tr>
<tr><td>एकिकृत स्वास्थ्य पुर्वाधार</td><td>१५२२७९३३</td><td>एकिकृत स्वास्थ्य पुर्वाधार</td><td>१५२२७९३३</td></tr>
<tr><td></td><td>१११०२६६३९</td><td></td><td>१११०२६६३९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>नीति तथा कार्यक्रम र वजेट विच तालमेल
“दिगो विकास हाम्रो सोच:सुन्दरशान्त समृद्ध अजिरकोट” को नारा सहितको ०७८/७९ को नीति तथा कार्यक्रमहरुः अजिरकोट कृषि प्रबर्द्धन वर्ष, एक घर एक करेसावारी , हनी हन्टीङ्ग फेस्टिवल, हाम्रो विद्यालय राम्रो विद्यालय, फर्क युवा अभियान जस्ता लोभ लाग्दा कार्यक्रमलाई वजेटले सम्वोधन तथा कार्यान्वयन गरेको देखिएन ।वजेटमा रोजगारीलाई प्राथमिकता दिए पनि यसलाई कृषि पर्यटन तथा लघु उद्यमसँग जोड्न सकिएको छैन । आर्थिक विकास तथा पर्यटन क्षेत्रमा शुन्य प्रगती छ । नीति तथा कार्यक्रम र वजेट विच तालमेल गरी कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन
· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			·पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । ·पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। ·कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । ·राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन । ·अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । ·स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । ·स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । ·दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । ·पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन । ·वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । ·जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			·मुल्य अभिवृद्धि कर नियमावली, २०५३को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो। ·कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । ·सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। ·स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो। ·ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। ·स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । ·स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । ·स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । ·सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । ·संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। · वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । · सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । · यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शिर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन । · वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन । · निजामती सेवा ऐन, २०४९ दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । · आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको, · विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, · वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । · सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। · सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । · वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन । · निजामती सेवा ऐन, २०४९ को दफा ५ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । · वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको, · सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको, · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको तथा भएकोमा समेत निस्क्रियताको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको, · सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको, · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको, · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ क मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, · सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको, · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको, · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको, · निजामती सेवा ऐन, २०४९ को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. १ करोड ९६ लाख ३५ हजार खर्च लेखेको पाईयो ।जसले गर्दा भुक्तानी हुनुपर्ने भन्दा वढी ग्रेड भुक्तानी हुने अवस्था रहेको, · पालिकाको स्विकृत दरवन्दी अनुसार गाउँकार्यपालिकातर्फ ६ जना,वडा कार्यालयतर्फ २, कृषि शाखामा ३, पशु शाखामा ३, स्वास्थ्य शाखामा ७ दरवन्दि रिक्त देखिन्छ। पालिकाले समयमै पदपुर्ती गरी सेवा प्रवाह प्रभावकारी वनाउनुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
७			**वैक हिसाव मिलान नगरेकोः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण (म=ले=प=फा= नं= २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन। पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी श्रेष्ता अद्दावधिक गर्नुपर्दछ ।	
८			**योजना व्यवस्थापन** **योजना सुची तयार नगरेकोः** स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (४) गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्ने व्यवस्था छ । सम्पुर्ण आयोजना तथा योजनाहरु एक वर्षे रुपमा स्वीकृत गरी कार्यान्वयन गरेको देखिन्छ भने कतिपय आयोजनाहरु आर्थिक वर्षमा नसकिएकोमा अर्को वर्षमा सारी क्रमागत योजना भनी कार्यान्वयन गरेको पाईएकोछ । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउने सन्दर्भमा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेमा सो गरेको पाईएन । मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची बनाई विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास तथा कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्दछ । **योजना तर्जुमा तथा कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (३) मा गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त, गर्न सकिने आम्दानी र रोजगार बढ्ने, लागत सहभागिता जुट्ने, स्थानीय श्रोत साधन र सीपको प्रयोग, समावेशी विकासमा योगदान, दीगो विकास र वातावरणीय संरक्षण, स्थानीय भाषिक, सांस्कृतिक विकास जस्ता विषयलाई प्राथमिकता दिनु पर्ने ब्यवस्था छ । सो कुरालाई मध्यनजर गरी आयोजना प्राथमिकता गरेको पाईएन। कानुनमा भएको ब्यवस्था परिपालना गरी दिगो विकास तथा गरिवी निवारणमा सहयोग पुग्ने आयोजना प्राथमिकिकरण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>योजना छनौट तथा कार्यान्वयनः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र सं</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम रु हजारमा</th></tr>
<tr><td>१</td><td>१ लाख भन्दा कमका योजना</td><td>२२</td><td>१६८५</td></tr>
<tr><td>२</td><td>१ लाख देखि ५ लाख सम्मका योजना</td><td>१७६</td><td>५१४२०</td></tr>
<tr><td>३</td><td>५ लाख देखि १० लाख सम्मका योजना</td><td>३२</td><td>२१३८०</td></tr>
<tr><td>४</td><td>१० लाख देखि ५० लाख सम्मका योजना</td><td>८</td><td>१०९७०</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथिका योजना</td><td>६</td><td>१५९९१६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२४४</td><td>२४५३७१</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>ठेक्का अभिलेख तथा गोश्वारा खाता
ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । पालिकाको कार्यालयले ठेक्कागत अभिलेख खाता र ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको पाईएन । तोकिएको ढाँचामा ठेक्कागत अभिलेख खाता र ठेक्का सम्बन्धी गोश्वारा लगत खाता राखिनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**सामाजिक परीक्षणः** सरकारी खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन २०७५ को बुँदा नं १८ ले कार्यालयले गर्नुपर्ने काम परामर्शदातावाट गराउने कार्यलाइ निरुत्साहित गर्नुपर्ने उल्लेख छ भने नेपालको संविधानले आर्थिक अनुशासन कायम गर्ने कुरा संघीय सरकारको कानून वमोजिम हुने उल्लेख छ । कार्यालयले गाउँपालिका स्तरिय सामाजिक परीक्षण काम परामर्शदाता रिस्ती मादि रिसर्च सेन्टर एण्ड कन्सल्टेन्सी प्रा लि लाई दिइ रु.२९९४९०।०० भुक्तानी गरेको छ । कार्यालय आफैले गर्नुपर्ने कार्य परामर्शदातावाट गराउने प्रवृतीमा नियन्त्रण गर्नुपर्दछ ।	
१२			**वित्तिय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् · स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म=ले=प=फा= नं= २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन । · स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ । · पालिकाले गत वर्षको जिम्मेवारी सार्दा वैक मौज्दात शिर्षकमा सार्नपर्नेमा आन्तरिक श्रोत शिर्षकमा सारेको कारण म ले प फा नं २७२ मा गत वर्षको जिम्मेवारी रु ३१५४२३०।९९ मात्र सारेको देखिन्छ । · पालिकाको श्रेस्ताअनुसार सञ्चित कोषको वाँकी रकम रु२१७६८८७३।०२ र वैक अनुसार वाँकी रकम रु.१३६५६४०४५।७४ रहेकोले पालिकाको वित्तिय विवरण लगायतका प्रतिवेदनले यथार्थ अवस्था चित्रण गर्दैन। पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी मौज्दात फरक पर्नुको कारण एकिन गर्नुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>· पालिकाले सामाजिक सुरक्षा भत्ता फिर्ता गर्नुपर्ने रु.१००८९८५।६५ वैंकवाट फिर्ता गरी विविध खर्च खातामा राखेको देखिन्छ। फिर्ता गर्नुपर्ने रकम तोकिएको समयमै फिर्ता गर्नुपर्दछ।
· पालिकाको वास्तविक आन्तरिक आय ७६ लाख ०५ हजार भएकोमा सुत्रको वित्तिय विवरणको म ले प फा नं २७२ अनुसुची ११ मा जम्मा आन्तरिक आय ७ करोड १३ लाख ९२ हजार देखिन्छ। पालिकाले आन्तरिक आयको वास्तविक अवस्था देखिने गरी लेखाङंकन तथा प्रतिवेदन गर्नुपर्दछ।
· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>कार्यक्रमगत प्रगतीः
पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ। कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्नेयोजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्ः
<table>
<tr><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>घ्याच्चोक आवासिय विधालय निर्माण तथा संचालन</td><td>१००००</td><td>४.९४</td><td>४.९४</td></tr>
<tr><td>सेवा र परामर्श खर्च</td><td>१०००</td><td>०</td><td>०</td></tr>
<tr><td>प्रकोप (विपद्) व्यवस्थापन कोष</td><td>१०००</td><td>०</td><td>०</td></tr>
<tr><td>विपि कोइराला उच्च (High Altitude) (रंगशाला गाउँपालिकास्तरीय खेलमैदान)</td><td>१०००</td><td>०</td><td>०</td></tr>
<tr><td>भच्चेक बजार मन्दिर निर्माण</td><td>१०००</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			पर्यटकिय पूर्वाधार निर्माण	१०००	०	०	
			सुरक्षित नागरिक आवास कार्यक्रम	१०००	०	०	
			फोहोरमैला व्यवस्थापन	२०००	०	०	
			लालिगुराँस महिला ढाका समूह भवन निर्माण	२०००	०	०	
			फर्क युवा अभियान	२०००	०	०	
			सरस्वती सहकारी भवन निर्माण	३०००	०	०	
			पोखरीडाँडा भुमेथान सडक मर्मत	४००	०	०	
			समपुरक कोष	४०००	०	०	
			पर्यटन वृत्तचित्र तथा प्रचार प्रसार कार्यक्रम	५००	०	०	
			विपद व्यवस्थापन केन्द्र स्थापना	५००	०	०	
			बहु प्रकोप जोखिम नक्सांकन	५००	०	०	
			साँस्कृतिक संग्राहलय निर्माण	५००	०	०	
			शैक्षिक चुनौति कोष	५००	०	०	
			शिक्षकहरुको तहगत र बिषयगत क्षमता विकास तालिम	५००	०	०	
			जडीबुटी नर्सरी व्यवस्थापन	५००	०	०	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वन्य जन्तुबाट हुने बाली नाली क्षतीको न्यूनिकरण कार्यक्रम</td><td>५००</td><td>०</td><td>०</td></tr>
<tr><td>व्यावसायिक फर्मलाइ कृषि औजार वितरण</td><td>५००</td><td>०</td><td>०</td></tr>
<tr><td>खसि बोका भेडा च्याङ्ग्रा बजारीकरण</td><td>५००</td><td>०</td><td>०</td></tr>
<tr><td>प्रांगारिक मल अनुदान कार्यक्रम (५०%25 अनुदान)</td><td>५००</td><td>०</td><td>०</td></tr>
<tr><td>GPE को सहयोगमा कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम</td><td>५०००</td><td>०</td><td>०</td></tr>
<tr><td>डेरी संचालन (५०%25 अनुदान)</td><td>६००</td><td>०</td><td>०</td></tr>
<tr><td>धनसिरा पस्कौं नयाँ ट्र्याक विस्तार</td><td>७००</td><td>०</td><td>०</td></tr>
<tr><td>घ्याच्चोक समाज भवन निर्माण</td><td>७००</td><td>०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कानुन निर्माण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले आ व २०७८।७९ मा २ ऐन, १ नीति, १० कार्यविधि र २ निर्देशिका निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।कार्यविधि निर्माण गर्दा ऐन तथा नियमले दिएको अधिकार प्रयोग गरी वनाउनुपर्नेमा कतिपय ऐन नियमावली निर्माण नगरी कार्यविधि निर्माण गरी लागु गरेको देखियो ।ऐनले दिएको अधिकार पश्चात मात्र कार्यविधि वनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा लागु नभएको:
पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>क्षेत्रगत वजेटः
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उप क्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४२५०००००</td><td>१९२९९४७१</td><td>४५.४१</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>२४७४४८०००</td><td>१८७१४८२३२.५९</td><td>७५.६३</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>१६१२१००००</td><td>१३२००७५२७.३२</td><td>८१.८९</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>१०५७८०००</td><td>२७९१११९</td><td>२६.३९</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>५८४०००००</td><td>४६७८५२४५.४८</td><td>८०.११</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>५२०१३६०००</td><td>३८८०३१५९५.३९</td><td>७४.६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>चौमासिक खर्चः
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।कुल खर्च मध्ये असारमा मात्र ३ करोड ८७ लाख ७८ हजार खर्च भएको विवरण पेश भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td rowspan="2">पूँजीगत खर्च शीर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="3">चौमासिक खर्च (रु.हजारमा)</td><td rowspan="2">आषाढ महिनाको मात्र खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td></tr>
<tr><td>पूँजीगत खर्च</td><td>१३९३८५</td><td>५०५१</td><td>४२३७८</td><td>९१९५६</td><td>३८७७८</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>४</td><td>३०</td><td>६६</td><td>२८</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>दोहोरो अनुदानः
शिक्षा तथा मानव स्रोत विकास केन्द्र वाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा शिक्षण सिकाईमा आइसिटी अनुदान वापत विद्यालयलाई एकुष्ठ ६५००००।०० उपलव्ध गराईने व्यवस्था रहेको छ।यसरी अनुदान उपलव्ध गराउँदा स्थानीय तहका सवै माध्यामिक विद्यालयहरुले एकपटक अनुदान प्राप्त गरीसकेको भए उच्च विद्यार्थी संख्या भएको अनुमतीले पुरानो क्रममा आधारभुत तह सञ्चालित विद्यालयहरुलाई अनुदान उपलव्ध गराउन सकिने व्यवस्था रहेको छ।पालिकाले शिक्षातर्फ भौ नं ७।२०७८।०७।०९ मा आ व २०७६।७७ मा आइसिटी अनुदान प्राप्त गरेको विद्यालयलाई २०७७।७८ को विल भरपाई संलग्न गरी आ व २०७८।७९ मा रु.५९२२१७।०० भुक्तानी दिएको देखिन्छ। यसरी दोहोरो नपर्ने गरी अनुदान निकासा गर्नुपर्नेमा गत वर्षको विल भरपाई संलग्न गरी अनुदान दिएको रकम अनियमित देखिएको रु</td><td>४९२,२१७</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>सेवा प्रवाह विवरणः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता तथा मृत्यू दर्ता ९५४ वटा, नाता प्रमाणित ५८८ वटा, घरवाटो शिफारिश २९८ वटा, नागरीकता शिफारिश ९४९ वटा वसाइसराइ १२३ र अन्य २४०५ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>

रसिदहरु पालिकामा फिर्ता नभएको:

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा राजस्वको अभिलेख अध्यावधिक गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट आर्थिक वर्षको सुरुवातमा नगदी रसिद छपाई गरी राजश्व संकलन गरिएकोमा वडामा वितरण गरिएका नगदी रसिद वडावाट फिर्ता नभएकोले के कति मात्रामा आम्दानी भयो र आम्दानी बाँधेको रकम यथार्थ हो होइन भनी एकिन गर्न सकिएन। पालिकाको केन्द्रिय कार्यालयमा तथा वडा कार्यालयहरुमा राजश्व संकलन गर्न स्वाचालित प्रणाली जडान भएता पनि सम्पुर्ण कारोवारहरु प्रणालीवाट नगरी नगदी रसिद वाट समेत राजश्व संकलन गरेको देखिन्छ। अतः कार्यलयले राजश्व असूलीलाई पारदर्शी तथा पुर्वानुमानयोग्य वनाउन एकै प्रणालीमार्फत राजश्व संकलन गरी व्यवस्थीत गर्नुपर्दछ। पालिकामा फिर्ता नभएका रसिदहरु:

<table>
<tr><th>वडा न.</th><th>रसिद</th><th>रसिद न.</th></tr>
<tr><td>१</td><td>नगदी रसिद</td><td>४३२१ देखि ४४०० सम्म</td></tr>
<tr><td>३</td><td>नगदी रसिद</td><td>४४५१ देखि ४५००सम्म</td></tr>
<tr><td>५</td><td>नगदी रसिद</td><td>२०१ देखि २५०, १०५० देखि ११००, २७५१ देखि २८०० र ३१०१ देखि ३१५० सम्म</td></tr>
<tr><td>२</td><td>मालपोत रसिद</td><td>२२०१ देखि २२५०, २२५१ देखि २३०० सम्म</td></tr>
<tr><td>३</td><td>मालपोत रसिद</td><td>१०१ देखि १५०, १६०१ देखि १६५० र २५५१ देखि २६०० सम्म</td></tr>
<tr><td>५</td><td>मालपोत रसिद</td><td>२९०० देखि २९५०, ३१५१ देखि ३२०० सम्म</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>

विभाज्य कोष:

..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९। १२ । १८ को निर्णयबाट रु. १३६४६०।-सम्परीक्षण गरिएको ।)

</td><td>०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**अवण्डा वजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहले यो बर्ष देहायअनुसारका शिर्षकमा एकमुष्ट रुपमा रु १ करोड ८३ लाख वजेट राखेकोमा कार्यक्रम तोकेको छैन। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। (रु हजारमा) कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम — विनियोजन विकास साझेदारी — २०००००० समपुरक कोष — ४०००००० सार्वजनिक निर्माण — ५५००००० पुँजिगत मर्मत — ५३००००० श्रममुलक आयोजना — १५००००० जम्मा — १८३०००००	
२३			**रकमान्तरः** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २९ मा वजेटमा पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने उल्लेख गरेको छ । यस पालिकाले गाउँसभावाट विभिन्न खर्च शिर्षकवाट रु.२३३७१०००।०० रकम वढाई	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यक्रम संसोधन मार्फत विभिन्न शिर्षक तथा योजनामा रकमान्तर गरेको छ ।असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ।नियममा भएको व्यवस्थाको पालना नभएकोले यसमा सुधार गर्नुपर्ने देखिएको छ ।	
२४			**मुल्य अभिबृद्धि कर दाखिला नभएकोः** ✂ ***...........(प्रारम्भिक प्रतिवेदन उपर दाखिला प्रमाण पेश भएको आधारमा मिति २०७९। १२ । १७ को निर्णयबाट रु. २२८६०४।- सम्परीक्षण गरिएको ।)***	०
२५			**करार कर्मचारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। पालिकाले यस वर्ष ७ जना कार्यालय सहयोगी वाहेक १४ जना कर्मचारी करारमा राखि मासिक रु.४८८२४०।०० का दरले रु.५८५८८८०।०० खर्च लेखेको छ । करार कर्मचारीहरुमध्ये २ जना साहायक चौथो,१ जना सामाजिक परिचालक,१ जना सव इन्जिनियर,१ जना असिष्टेण्ट सव इन्जिनियर,२ जना पशु सेवा शाखा तर्फ र ७ जना कृषितर्फ गरी १४ जना करारमा नियुक्ति गरी खर्च लेखेको छ।कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि कर्मचारीको स्थायी पदपुर्ती गर्नुपर्दछ।	
२६			**अनुत्पादक खर्चः** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा रु.११ लाख १९ हजार खर्च गरेको देखिन्छ।यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td>गो भौ न</td><td>कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम</td><td>रकम</td></tr><tr><td>२०४</td><td>भच्चेक तमु सेवा समाज ल्होसार पर्व खर्च</td><td>५००००</td></tr><tr><td>३०८</td><td>कार्यालय भवन उद्घाटन खर्च</td><td>१५५६५०</td></tr><tr><td>४५५</td><td>अकला टोल विकास सस्था, वाजा तथा कपडा खरिद</td><td>५००००</td></tr><tr><td>२५१</td><td>वाजा वितरण खरिवोट दलित संघ</td><td>९९९००</td></tr><tr><td>२५४</td><td>वाजा वितरण ओलाङ टोल विकास सस्था</td><td>९९९५०</td></tr><tr><td>२८७</td><td>पलाष्टिक कुर्चि वितरण</td><td>४९४०९२</td></tr><tr><td>२९४।२९५</td><td>जागृती महिला समुह सास्कृतीक तथा खेलकुद कार्यक्रम र वाजा खरिद</td><td>१६९४४०</td></tr><tr><td></td><td>जम्मा</td><td>१११९०३२</td></tr></table>	
२७			**महायज्ञ अनुदानः** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाले उक्त मार्गदर्शनको विपरित वार्षिक नीति तथा कार्यक्रममा नरहेको विषयमा कार्यापालिका वैठकद्धारा निर्णय गरी राधाकृष्ण मन्दिरमा सञ्चालित महायज्ञको दान भनी विल	१००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भरपाई वेगर रु.१ लाख खर्च लेखेको छ। साथै उक्त अनुदान रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विल भरपाई पाइएन। यसरी मार्गदर्शन विपरित अनुदान वितरण गरि खर्च लेखेको रकम नियम सम्मत नदेखिएको रु.	
२८			**आर्थिक साहायताः** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको प्रकोप व्यवस्थापन तर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु.१४१०००।०० आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधिको पालना नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायताएंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिलकाको प्रकोपतर्फको केही भौचरको परीक्षण गर्दा चालु आ= व= मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्।	

गो भौ न र मिति	आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम	सहायता रकम
३,२०७८/०९/२८	ढक वहादुर लामिछाने	१५०००
३,२०७८/०९/२८	उती माया गुरुङ्ग	१२०००
३,२०७८/०९/२८	कुमानसिँह गुरुङ्ग	१५०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td>३,२०७८/०९/२८</td><td>हिरामाया गुरुङ्ग</td><td>१५०००</td></tr><tr><td>३,२०७८/०९/२८</td><td>कृष्ण वहादुर थापा</td><td>१५०००</td></tr><tr><td>३,२०७८/०९/२८</td><td>राम बहादुर थापा</td><td>३०००</td></tr><tr><td>३,२०७८/०९/२८</td><td>शंकर प्रसाद दवाडी</td><td>३०००</td></tr><tr><td>३,२०७८/०९/२८</td><td>त्रिलोचन लम्साल</td><td>३०००</td></tr><tr><td>३,२०७८/०९/२८</td><td>डोलमाया अधिकारी</td><td>३०००</td></tr><tr><td>३,२०७८/०९/२८</td><td>टेक वहादुर नेपाली</td><td>१५०००</td></tr><tr><td>६,२०७८/१२/२१</td><td>लरक वहादुर वि.क</td><td>१५०००</td></tr><tr><td>६,२०७८/१२/२१</td><td>राजन वि.क</td><td>१५०००</td></tr><tr><td>६,२०७८/१२/२१</td><td>विश्व वहादुर नेपाली</td><td>१२०००</td></tr><tr><td>जम्मा</td><td></td><td>१४१०००</td></tr></table>	
२९			**अनुदान फिर्ताः** संघ तथा प्रदेशमा फिर्ता गर्न बाँकी मध्ये संघ तर्फ रु २९४४६००४।४१ र प्रदेश तर्फ रु. ४५०५६२५ गरी कुल जम्मा रु ३३९५१६२९।४१ लेखापरीक्षणको क्रममा फिर्ता भएको छ।	
३०			**पालिका अनुदानबाट शिक्षकको तलब भत्ताः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्वीकृत दरबन्दी वेगर पालिकावाट तलव भत्ता खाने गरी पालिकाभित्र रु.६७९५१२०।०० निकासा दिई खर्च लेखेको देखिन्छ। पालिकाभित्रका विद्यालयलयको स्विकृत शिक्षक दरवन्दी पुर्ण रुपमा पदपुर्ती भई शिक्षकहरु कार्यरत रहेको अवस्थामा समेत वडा तथा गाउँपालिका कार्यालयवाट निर्णय गरी वजेट विनियोजन तथा रकमान्तर गरी विद्यालयलाई विभिन्न शिर्षकमा अनुदान दिइएको देखिन्छ। अनुदान पश्चात सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक सुधारको सम्वन्धमा अनुगमन गरी सुधार नभएको विद्यालयलाई पालिकाको आन्तरिक स्रोतको अनुदान निकासा नदिने वा रोक्का गर्ने सम्वन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिदैन। पालिकाले सार्वजनिक स्रोतको खर्चपश्चात सोको प्रतिफलको अध्ययन गरी पुन सोही शिर्षकमा अनुदान निकासा गर्नुपर्ने देखिन्छ।	

भौ नं	विवरण	रकम
४	शिक्षक व्यवस्थापन २९ विद्यालय	१६१७१३०
१५	शिक्षण सिकाई अनुदान २८ विद्यालय	१५०९६३०
२३	शिक्षक अनुदान	२४६३२३०
३७	शिक्षक व्यवस्थापन अनुदान	१२०५१३०
	जम्मा	६७९५१२०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१			**छात्रवृती अनुदानः** पालिकाले विज्ञान विषय अध्ययन गर्ने ज्ञानज्योती माध्यामिक विद्यालयका र इन्जिनियरिङ अध्ययन गर्ने हिमालयन मा वि का विद्यार्थीहरुलाई प्रतिमहिमना ३००० र ५००० का दरले छात्रवृती वापत भौ नं १८, २५ र ३२ वाट रु. २१६२०००।०० खर्च लेखेको छ। पालिकाले छात्रवृती अनुदान उपलव्ध गराउँदा विद्यार्थीले प्राप्त गरे नगरेको एकिन गरेको छैन। साथै पालिकाले कानुन निर्माण गरेर छात्रवृती उपलव्ध गराउनुपर्नेमा पटके निर्णयका आधारमा ठुलो रकम छात्रवृतीमा खर्च लेखेको देखिन्छ। पालिकाले कानुन निर्माण गरी छात्रवृती तथा विद्यालय अनुदान निकासालाई व्यवस्थित गर्नुपर्ने देखिन्छ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>शिक्षक अवलोकन भ्रमणः
कार्यालयले शिक्षक आन्तरिक पर्यटन प्रर्वद्धन कार्यक्रम वाट मकवानपुर तनहुँ र चितवन जिल्लाका विद्यालयको अवलोकन भ्रमण भनी ८० जना शिक्षक सहभागी गराई भौ नं ४२ वाट रु.३०००००।०० खर्च लेखेको छ। २०७९ असार १२ देखि १४ सम्मको भ्रमणमा भ्रमणको उद्देश्य तथा प्राप्तीको मुल्यांकन तथा गरेको देखिदैन। भ्रमणको उद्देश्य तथा उद्देश्य प्राप्तीको मुल्यांकन नगरी घुमघामको लागि खर्च गर्नु उचित देखिएन। यस्तो तरिकाले खर्च गर्ने परिपाटीमा पुर्णरुपमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>राजश्व दाखिला
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७६ को नियम २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट र बैंक र कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोहि वमोजिम गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिकाको नमुना छनौट गरी परीक्षण गर्दा वडा न. ३ र पालिका केन्द्रिय कार्यालयवाट संकलन गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।संकलन भएको राजश्व समयमै दाखिला गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ। केही उदाहरण निम्न छनः
<table>
<tr><th>संकलन गर्ने</th><th>राजस्व रकम</th><th>दाखिला मिति</th><th>कैफियत</th></tr>
<tr><td>वडा न. ३</td><td>४५०३०</td><td>०४/१९/२०७८</td><td>गत आव को समेत श्रावण १८ गते सम्मको</td></tr>
<tr><td>वडा न. ३</td><td>३७४२०</td><td>०५/३१/२०७८</td><td>श्रावण १९ गते देखि भाद्र ३१ गते सम्मको</td></tr>
<tr><td>वडा न. ३</td><td>२१२७०</td><td>०७/०८/२०७८</td><td>असोज १ गते देखि कात्तिक ७ गते सम्मको</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा न. ३</td><td>५४७८५</td><td>०८/०५/२०७८</td><td>कात्तिक ८ गते देखि मंसिर ४ गते सम्मको</td></tr>
<tr><td>वडा न. ३</td><td>२३५४५</td><td>१०/१२/२०७८</td><td>मंसिर ५ गते देखि माघ ११ गते सम्मको</td></tr>
<tr><td>वडा न. ३</td><td>३१७७५</td><td>१२/०९/२०७८</td><td>मंसिर १२ गते देखि चैत ८ गते सम्मको</td></tr>
<tr><td>वडा न. ३</td><td>३७६३९</td><td>१२/२२/२०७८</td><td>चैत ९ गते देखि चैत २१ गते सम्मको</td></tr>
<tr><td>वडा न. ३</td><td>२५०७६०</td><td>०३/२१/२०७८</td><td>चैत २२ गते देखि असार २१ गते सम्मको</td></tr>
<tr><td>पालिका</td><td>१७७६९८.३३</td><td>०८/०७/२०७८</td><td>श्रावण १ गते देखि मंसिर ६ गते सम्मको</td></tr>
<tr><td>पालिका</td><td>८५६६१</td><td>०९/१४/२०७८</td><td>मंसिर ७ गते देखि पुष २३ गते सम्मको</td></tr>
<tr><td>पालिका</td><td>१७८८५२</td><td>०१/१३/२०७९</td><td>पुष २४ गते देखि वैशाख १२ गते सम्मको</td></tr>
<tr><td>पालिका</td><td>१२७११८</td><td>०३/२७/२०७९</td><td>वैशाख १३ गते देखि असार २७ गते सम्मको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>खाना तथा विविध खर्चः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष वडा कार्यालय समेत विविध शिर्षकवाट २२ लाख १४ हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानाकारी गराएको छ। ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. २६ लाख ०२ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।	
३६			**अनियमित खर्च** ✂ *...........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु. १०००००।- सम्परीक्षण गरिएको ।)*	०
३७			**स्वीकृति बेगरको भ्रमण खर्च** ✂ *...........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१७ र १८ को निर्णयबाट रु.२२४०० ।- सम्परीक्षण गरिएको ।)*	०
३८			**औषधी खरिद** पालिकाले रु. १९१३९२१।६५ को लागत अनुमान तयार गरी सिलबन्दी दरभाउपत्र आव्हान गरेकोमा परेका ५ मध्ये सबैभन्दा घटी रु ७९०११३।०० कबोल गर्ने क्यान्डेला मेडी कन्सर्नसँग मिति २०७८।०९।२५ मा सम्झौता भएको तथा सोही दररेटलाई आधार मानेर पुन रु. १२३९७५४।०० समेत रु. २०२९८६७।०० को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो नखुलेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । • औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३९			**स्वीकृत कार्यक्रम बेगरको खर्च** ✓ *........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु.७२०००।- सम्परीक्षण गरिएको ।)*	०
४०			**कार्यक्रम खर्च** स्वास्थ्यतर्फका पोषण कार्यक्रम, खोप समिक्षा र सरसफाई प्रबर्धन कार्यक्रम, टाइफाइड खोप अभियान कार्यक्रम लगायतका अन्य कार्यक्रमहरु कर्मचारीले पेश्की लिएर विभिन्न स्वास्थ्य चौकी चौकी तथा वडाहरुमा सञ्चालन गरी एउटै प्रकृतिको कार्यक्रमको एउटा भौचर उठाएर पेश्की फछ्र्यौट गरी खर्च लेख्ने गरेकोमा भ्रमण आदेशमा मिति केरमेट गर्ने गरेको, यातायात तथा भ्रमण भत्ता सम्बन्धी बुझेको भरपाईमा कार्यक्रम नखुलेको, कार्यक्रमगत तेरिज नबनाएको, हाजिरीमा टिपेक्स लगाएको पाइयो । यसरी खर्चको पुष्टि गर्ने कागजात स्पष्ट नभएको कारण खर्चको वास्तविकता एवं यथार्थता झल्किदैन । यस्तो कार्यमा सुधार गरी कार्यक्रमको पूर्ण एवं स्पष्ट कागजात राख्नेतर्फ कार्यालयले ध्यान पुर्याउनु पर्दछ ।यस सम्बन्धी केही उदाहरणहरु निम्न बमोजिम रहेका छन्।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौचर नं मिति</th><th>कार्यक्रमको नाम</th><th>पेश्की फछ्र्यौंट गर्ने कर्मचारी</th><th>फछ्र्यौंट रकम</th></tr>
<tr><td>२११।२०७९।०३।२०</td><td>पालिकास्तरमा टाइफाइड खोप सञ्चालन</td><td>ठाकुर प्रसाद भट्ट</td><td>११००००.००</td></tr>
<tr><td>१२२४।२०७९।०३।२२</td><td>आँखा नाक कान घाँटी तथा मुख स्वास्थ्य</td><td>ठाकुर प्रसाद भट्ट</td><td>१९४६५०.००</td></tr>
<tr><td>१३५।२०७९।०१।११</td><td>पोषण कार्यक्रम</td><td>सुरेश दवाडी</td><td>२९१९००.००</td></tr>
<tr><td>२३१।२०७९।०३।२०</td><td>खोप समिक्षा अनुगमन भेरिफिकेशन</td><td>ठाकुर प्रसाद भट्ट</td><td>१५३९००.००</td></tr>
<tr><td>२२५।२०७९।०३।२२</td><td>सकृय क्षयरोग खोज पडताल र खकार जाँच</td><td>ठाकुर प्रसाद भट्ट</td><td>९०७५०.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८४१२००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>
कृषि अनुदान
सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन।
<table>
<tr><th>भौ नं मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>८६।२०७८।१२।०४</td><td>प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत किवी पकेट कार्यक्रम</td><td>२९९६७५</td></tr>
<tr><td>११५।२०७८।१२।३०</td><td>फलफूल दशक विरुवा रोपण कार्यक्रम</td><td>८२५००</td></tr>
<tr><td>१३६।२०७८।१२।०४</td><td>प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत हलेदो पकेट कार्यक्रम</td><td>३०००००</td></tr>
<tr><td>१९४।२०७८।१२।०४</td><td>प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाख्रा पकेट कार्यक्रम</td><td>२८००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१९५।२०७९।०३।१६	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाख्रा पकेट कार्यक्रम	४२००००
२०९।२०७९।०३।२०	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत हलेदो पकेट कार्यक्रम	१९७६२५
२१७।२०७९।०३।२१	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत मौरी पकेट कार्यक्रम	३०००००
जम्मा		१८७९८००

यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन।

(क) अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

(ख) कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । गाउँपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ गाउँपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

(ग) अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था

(घ) पालिकाले एकै प्रकृतिका अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकावाट सञ्चालन गरेको भएतापनि कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नहुँदा कुनै वडामा एउटै प्रकृतिका कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ मा तोकिएका पकेट, ब्लक, जोन र सुपरजोनमा सञ्चालन हुने क्रियाकलापहरुका लागि कृषि उत्पादन सामाग्रीहरुमा परियोजनाबाट बढीमा ५० प्रतिशत अनुदान सुविधा उपलब्ध हुने उल्लेख छ । त्यसै गरी पालिकाले अनुदान वितरणका लागि सामानको लागत अनुमान तयार गर्दा जिल्ला दररेट निर्धारण समितिले तयार गरेको दर प्रयोग गर्नुपर्दछ । पालिकाले विभिन्न फर्म तथा सञ्चालन समितिलाई पकेट कार्यक्रम सञ्चालनका लागि अनुदान वितरण गर्दा म्यानुलले तोकेको प्रतिशतको सीमा नाघेर तथा जिल्ला दररेट भन्दा वढि भुक्तानी गरेकोले वढि भुक्तानी रकम असुल गर्नुपर्ने रु–.
<table>
<tr><th>खरिदको विवरण</th><th>अनुदानग्राहीको नाम</th><th>निर्देशिकाले तोकिएको अनुदान प्रतिशत</th><th>पालिकाले दिएको अनुदान प्रतिशत</th><th>जिल्ला दररेट अनुसारको दर</th><th>खरिद संख्या</th><th>खरिद भएको दर</th><th>भुक्तानी गर्नुपर्ने रकम</th><th>भुक्तानी भएको रकम</th><th>वढि भुक्तानी भएको रकम</th></tr>
<tr><td>किवीको विरुवा</td><td>किवी पकेट सञ्चालन समिति</td><td>५०.००%</td><td>७५.००</td><td>२००</td><td>११३०</td><td>३३०</td><td>११३०००</td><td>२७९६७५</td><td>१६६६७५</td></tr>
<tr><td>हलेदोको बिउ तथा औजार उपकरण</td><td>हलेदो पकेट विकास समिति वडा नं ४</td><td>५०.००%</td><td>७५.००</td><td>-</td><td>-</td><td>-</td><td>२०००००</td><td>३०००००</td><td>१०००००</td></tr>
<tr><td>हलेदोको बिउ तथा औजार उपकरण</td><td>हलेदो पकेट विकास समिति वडा नं २</td><td>५०.००%</td><td>७५.००</td><td>-</td><td>-</td><td>-</td><td>१३१७५०</td><td>१९७६२५</td><td>६५८७५</td></tr>
</table></td><td>६०५,६४२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>उन्नत जातको बाख्रा</td><td>सिम्जुङ जागरण व्यवसायिक बाख्रापालन कृषक समूह वडा नं ४</td><td>५०.००%</td><td>७५.००</td><td>-</td><td>-</td><td>-</td><td>३०२५००</td><td>४२००००</td><td>११७५००</td></tr>
<tr><td>बाख्रा तथा खोर</td><td>मिलिम घ्याच्चोक धनारोटी बाख्रापालन समूह वडा नं १</td><td>५०.००%</td><td>७५.००</td><td>-</td><td>-</td><td>-</td><td>१९१४०८</td><td>२८००००</td><td>८८५९२</td></tr>
<tr><td>मौरी घार</td><td>हंसपूरे मौरी पकेट सञ्चालन समिति</td><td>५०.००%</td><td>७५.००</td><td>-</td><td>-</td><td>-</td><td>२१३०००</td><td>२८००००</td><td>६७०००</td></tr>
<tr><td colspan="9">जम्मा</td><td>६०५६४२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>कोभिड १९ महामारी नगद हस्तान्तरण कार्यक्रम
कोभिढ १९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ बमोजिम अधिकतम लाभग्राही परिवार संख्या ३१२लाई रु. १००००।०० का दरले राहत स्वरुप संघीय सरकारबाट रु. ३१२००००।०० बजेट प्राप्त भएको छ ।कार्यविधि अनुसार कोभिड १९ महामारीमा बन्दाबन्दीको कारणबाट भइरहेको रोजगारी गुमाएका अति विपन्न नागरीकलाई वडागत सिफारिशको आधारमा अनुदान प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस शीर्षक अन्तर्गत वडा नं १ बाट ५१, वडा नं २ बाट ५१, वडा नं ३ बाट ६७, वडा नं ४ बाट ६८, वडा नं ५ बाट ६७ सहित कुल ३०४ जनालाई रु १०००० का दरले ३०४००००। नगद हस्तान्तरण गरेको देखियो ।यसरी वडाले कार्यविधिको व्यवस्था बमोजिम अति विपन्न नागरिकको छनौटमा निर्धारित मापदण्डहरुलाई आधार लिइ तथा एकै परिवारमा दोहोरो नपर्ने किसिमले वितरण गरेको सम्बन्धमा एकिन गर्न सकिएन ।कार्यालयले कार्यविधिमा उल्लिखित व्यवस्थाको पालना गर्दै एकै परिवारमा दोहोरो नपर्ने किसिमले राहत वितरण गर्ने व्यवस्था मिलाउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ। गाउँपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कृषि सामाग्रीहरुको खरिद पर्यटन प्रर्वद्धनको लागि गोरेटोबाटो निर्माण खानेपानी संरचना लगायतका कार्यमा रु ६७ लाख ९० हजार खर्च भएको देखिन्छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चलन निर्देशिका २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानिय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममा खटाउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले रोजगार सेवा केन्द्रमा दर्ता गरिएका ४७७ बेरोजगार मध्ये ६५ जनालाई रोजगारीमा सहभागी गराएको पाइयो। आयोजना सञ्चालन पुर्व स्थानिय तहले प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा कतिपय आयोजनामा प्राविधिक प्रतिवेदन संलग्न भएको छैन। कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचीकृत वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ ।	
४५			**लागतको बाडफाँडः** ✂ .... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु. २०२७२१।- सम्परीक्षण गरी बाँकी रु ३११८७।८८ थप बेरुजु कायम गरिएको छ।)***	0
४६			**विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदानः** विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था छ। यस वर्ष पालिकाले २८ वटा विद्यालयमा सामाजिक तथा आर्थिक लेखापरिक्षण बापत रु ३,२०,०००।-निकासा गरी खर्च लेखेकोमा	३२०,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निकासा भएको आर्थिक वर्षको सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले सामाजिक आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>दिवा खाजा कार्यक्रमः
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुका लागि प्रति विद्यार्थी १५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानी विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको आधारमा निकासा दिने व्यवस्था रहेको छ।सोही बमोजिम पालिकामा विद्यालयले पेश गरेको हाजिरी पुस्तिकाको प्रतिलिपी परीक्षण गर्दा केरमेट तथा हाजिरी सच्चाइएको देखिएकोले उक्त निकासा रकम यथार्थ हो होइन एकिन गर्न सकिएन। पालिकाले यथार्थ हाजिरी विवरणका आधारमा दिवा खाजा निकासा दिनुपर्ने तथा प्रतिलिपी सच्याई माग गर्ने विद्यालयलाई जिम्मेवार वनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>कृषि अनुदानतर्फ देखिएका व्यहोराहरु निम्न छन।</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>कृषि अनुदानः सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन।
<table>
<tr><th>भौचर न</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४</td><td>प्लाष्टिक टनेल वितरण(७५ प्रतिशत अनुदान)</td><td>४०५०१५</td></tr>
<tr><td>८</td><td>पशुपंक्षी औषधी खरिद</td><td>३६५०००</td></tr>
<tr><td>९</td><td>रैथाने तरकारीको विउ वितरण (१०० प्रतिशत)</td><td>२००१००</td></tr>
<tr><td>२४</td><td>व्यवसायिक च्याउ खेति</td><td>२००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२५</td><td>व्यवसायिक च्याउ खेति</td><td>८००००</td></tr>
<tr><td>३२</td><td>पशुपंक्षी औषधी खरिद</td><td>३१९८३३</td></tr>
<tr><td>३३</td><td>रैथाने तरकारी विउ वितरण</td><td>२९९५००</td></tr>
<tr><td>४१</td><td>परजिवी नियन्त्रण औषधी खरिद(पशुपंक्षी)</td><td>१०००००</td></tr>
<tr><td>२९</td><td>स्थानीय गाईपालन प्रतिव्यक्ति ५००० का दरले</td><td>४६५०००</td></tr>
<tr><td>९१</td><td>किसान स्प्रे विषादी खरिद</td><td>१११०००</td></tr>
<tr><td>९२</td><td>मिनिटिलर वितरण (५० प्रतिशत)</td><td>४७७०००</td></tr>
<tr><td>९३</td><td>राइस मिल वितरण (५० प्रतिशत)</td><td>२०४०००</td></tr>
<tr><td>९५</td><td>प्रजनन बोका वितरण (५० प्रतिशत)</td><td>२५००००</td></tr>
<tr><td>१११</td><td>बाझो जग्गामा खेति कार्यक्रम प्रतिरोपनी ३००० का दरले ३० जनालाई</td><td>६२१०००</td></tr>
<tr><td>१२१</td><td>स्थानीय गाईपालन प्रतिव्यक्ति ५००० का दरले</td><td>४९५०००</td></tr>
<tr><td>१३५</td><td>नर्सरी स्थापना नमुना प्राविधिक शिक्षा प्रतिष्ठान</td><td>१९१७८०</td></tr>
<tr><td>१३८</td><td>मकैको विउ वितरण</td><td>१०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४७०४२२८</td></tr>
</table>
यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(क) अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । (ख) कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । गाउँपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ गाउँपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। (ग) अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन।साथै वाख्राको खोर सुधार कार्यक्रम, कुखुराको खोर सुधार कार्यक्रम तथा पलास्टिक टनेल निर्माण कार्यमा निर्माण सामाग्री खरिदको विलको आधारमा अनुदान वितरण भएको र निर्माण कार्यको प्राविधिक मुल्यांकन नभएकोले अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन (घ) पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा नगरवाट सञ्चालन गरेको भएता पनी कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतीको कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ।	
४८.२			पालिकाले कृषि अनुदान वितरण प्रायोजनार्थ देहायवमोजिम सामाग्री खरिद गरेकोमा लेखापरीक्षण अवधिसम्म वितरण नगरी पालिकाको भण्डारमा सामाग्री रहेको जनाएको छ।वितरण हुन वाँकी कृषि सामाग्रीको वितरणको भरपाई पेश हुनुपर्ने रु...	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सामाग्री</td><td>खरिद परिमाण</td><td>वितरण परिमाण</td><td>बाँकी परिमाण</td><td>सामाग्रीको दर</td><td>रकम</td></tr>
<tr><td>पलाष्टिक टनेल</td><td>८० पिस</td><td>७० पिस</td><td>१० पिस</td><td>४५००</td><td>४५०००</td></tr>
<tr><td>थोपा सिञ्चाई सेट</td><td>५० सेट</td><td>३१ सेट</td><td>१९ सेट</td><td>२६९०</td><td>५१११०</td></tr>
<tr><td>सोलार सेट</td><td>१२ सेट</td><td>१ सेट</td><td>११ सेट</td><td>६८००</td><td>७४८००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१३०४१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>स्यानीटरी प्याडः
..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु. ७०५७९८।- सम्परीक्षण गरी फस्यौट गरिएको र बाँकी रु २३१३४४।– को थप बेरुजु कायम गरिएको छ ।)</td><td>0</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणः
स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७८।७९ को आर्थिक कारोबारको चौमासीक रुपमा नगरी वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणवाट देखिएको वेरुजुलाइ अन्तिम हालसम्म पालिकाले फछ्यौंट गरेको छैन । अतः उक्त रकम असुल फछ्यौंट गर्नुपर्ने रु
<table>
<tr><td>गो.भौ.नं.</td><td>व्यहोरा</td><td>रकम</td></tr>
<tr><td></td><td>अनियमित</td><td></td></tr>
<tr><td>विभिन्न</td><td>भौ नं ३५,५१,५२,२४३ र ३३३ वाट फर्निचर खरिद गर्दा सोझै खरिद गरेको रकम अनियमित देखिएको</td><td>१३३३५७६</td></tr>
</table>
</td><td>१,३७७,९२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>असुल गर्नुपर्ने</td><td></td></tr>
<tr><td>९६</td><td>हिमचुली नवयुवा क्लवको बहाल कर कट्टी नगरी भुक्तानी गरीएको</td><td>११००</td></tr>
<tr><td>१४२</td><td>नवबुद्ध गुम्बा समुह बहाल कर कट्टी नगरी भुक्तानी गरीएको</td><td>५४५०</td></tr>
<tr><td>२९८</td><td>भन्ज्याङ्ग टो वि स बहाल कर कट्टी नगरी भुक्तानी गरीएको</td><td>१३२३.६८</td></tr>
<tr><td>२१२</td><td>सवारी मर्मतको खर्च पालिका र वडाबाट दोहोरो भुक्तानी भएको</td><td>१७३९२</td></tr>
<tr><td>४२९</td><td>पदाधिकारी सुविधा बढि भुक्तानी</td><td>११५८२</td></tr>
<tr><td>६१</td><td>गह्रा सुधार कार्यक्रममा ५०प्रतिशत अनुदान भुक्तानी हुनुपर्नेमा १०० प्रतिशत भुक्तानी भएको</td><td>७५०१.५</td></tr>
<tr><td></td><td>जम्मा असुल गर्नुपर्ने</td><td>४४३४९</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>१३७७९२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>
पेश्की वाँकी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्र्यौट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार म्याद समाप्त भएको पेश्की हालसम्म फछ्र्यौट नगरेकोले उक्त पेश्की फछ्र्यौट गर्नुपर्दछ ।
<table>
<tr><td>सि नं</td><td>गो भौ नं</td><td>पेश्की विवरण</td><td>पेश्की पाउनेको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>२</td><td>नम्की कोलकाटे भन्ज्याङ्ग हुदै भिरकुना जाने वाटो निर्माण(क्रमागत आयोजना)</td><td>अमृत — जलुकेनी — हरिततारा जे.भी.</td><td>३४७५०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>४५</td><td>सिमखोला पावरहाउस, पात्लेखोला स्कुलवाटो, अधेरीखोला फेदी, घट्टेखोला झोपु, अधेरी खोला(बाह्कुना फेदी), सादीखोला, सोतोखोला अजिरकेट गाउँपालिका, गोरखा</td><td>लुम्बिनि इन्जिनियरीङ वर्क्स प्रा लि</td><td>३५५५५३</td></tr>
<tr><td>३</td><td>१</td><td>पाँच शैयाको अस्पताल</td><td>जयमाता इन्जिनियरिङ कन्ट्रक्सन</td><td>१३३१५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>५१६२०३३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>
वढी भुक्तानीः
सार्वजनिक खरिद नियमावलीको नियम १० वमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा उक्त कार्यको नर्म्स तथा जिल्ला दररेटका आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले दरौंदी नदी तटवन्धन योजनाको निर्माण कार्य गराई वालुवा टोल विकास सस्थालाई रु.१७३७४८६।०० भुक्तानी गर्दा मेसिन मेड ग्याविन जाली प्रयोग गरेकोमा हातवाट वुनेको जालिको लागत अनुमान तथा मुल्यांकन गरी भुक्तानी गरेको देखिन्छ।यसरी देहायवमोजिम कामको फरक तरिकावाट लागत अनुमान तथा दर विश्लेषण गरी वढी भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>गो भौ नं</th><th>कामको विवरण</th><th>कामको परीमाण</th><th>भुक्तानी दर</th><th>हुनुपर्ने दर</th><th>फरक दर</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>३४३</td><td>2*1*1 को जालि खरिद तथा ढुंगा भर्ने</td><td>६२ घ मि</td><td>४७२०</td><td>४३४१</td><td>३७९</td><td>२३४९८</td></tr>
<tr><td></td><td>1.5*1*1 र 3*1*1 को जालि खरिद तथा ढुंगा भर्ने</td><td>१८९ घ मि</td><td>४५९९</td><td>४२७५</td><td>३२४</td><td>६१२३६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>८४७३४</td></tr>
</table>
</td><td>८४,७३४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>समपुरक अनुदान फिर्ता
✂ ....(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु. ४४३१६।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>फरक दर विश्लेषण
दर विश्लेषण गर्दा विभागिय नर्म्श अनुसार गर्नु पर्दछ । भवन निर्माणको लागि भवन विभाग (DUDBC)को तथा सडक निर्माणको लागि सडक विभाग(DoR)को नर्म्श प्रयोग गर्नुपर्दछ । नम्की कोलकोट भिरकुना सडक आयोजनाको लागि ढुङ्गाको गारो लगाउने कार्यको दर विश्लेषण गर्दा भवन विभागको नर्मस प्रयोग गरी प्रति घनमिटर रु ११३७७।६९ लागत निर्धारण गरेको देखिन्छ । सडक विभागको नम्स प्रयोग गर्दा सोही कार्यको लागि रु १००८४।६३ लागत प्रति घनमिटर हुने देखिन्छ । जसबाट प्रति घनमिटर रु १२९३।०६ का दरले भेरियसन अडर समेतको परिमाणलाई आधार मान्दा १७९२।९० घनमिटरको रु २३१८३२७।२७ ले बढी लागत अनुमान सो आईटममा भएको देखिन्छ ।लागत अनुमान यथार्थको नजिक नहुदा वजेट व्यवस्था तथा प्रतिस्पर्धामा बाधा पुराउछ । लागत अनुमान मितव्यी एवं लागत प्रभावी हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>पालिका कार्य क्षेत्र वाहिरा खर्च
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २८ मा संघ तथा प्रदेशबाट प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्ने व्यवस्था छ । स्थानीय विकास तथा सेवा प्रवाह गर्न पठाएको अनुदान रकमलाई क्षेत्र वाहिराका निकायमा रु.७०००००।०० खर्च गरेको उचित देखिएन । निम्न निकाय तथा संस्थालाई दिएको अनुदान तथा खर्चको विवरण यस प्रकार छन्
<table>
<tr><th>गो भ नं र मिति</th><th>भुक्तानी भएको निकाय तथा संस्था</th><th>रकम रु</th><th>श्रोत</th></tr>
<tr><td>१६३।२०७९।१।६</td><td>गोरक्षनाथ बैदिक गूरुकुल</td><td>१०००००</td><td>आन्तरिक</td></tr>
<tr><td>२३९।२०७९।२।२५</td><td>मानव सेवा आश्रम गोरखा</td><td>५०००००</td><td>आन्तरिक</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३४४।२०७९।३।२३</td><td>गोरखा जेसिस</td><td>१०००००</td><td>आन्तरिक</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७०००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>लागत अनुमान तथा प्राविधिक मु◌ुल्यांकन वेगर भुक्तानीः
...........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु.५००००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>परामर्श सेवा खरिदः
सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझैखरिद गरी रु.३४१६२४९ खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्र्धाको माध्यमवाट परामर्श सेवा खरिद गनुपर्नेमा एकै प्रकृतीको कार्य समेत फरक फरक परामर्शदातावाट गराएको देखिन्छ।एकै प्रकृतीको कार्य गर्दा खरिदमा प्याकेजिङ गरी प्रतिष्पर्धात्मक तरिकावाट खरिद गर्नुपर्दछ।
<table>
<tr><th>भौ नं</th><th>कामको विवरण</th><th>भुक्तानी पाउने</th><th>रकम</th></tr>
<tr><td>२२८</td><td>ओखलढुंगा -ताप्ले -गोगनपानी सडक</td><td>भूमिका टेक्निकल सर्भिस</td><td>३४८५४६</td></tr>
<tr><td>२२७</td><td>सिम्जुङ घ्याचोक सडक</td><td>एस के डिजाइन एण्ड कन्सल्ट</td><td>४९७५६१</td></tr>
<tr><td>१२३</td><td>वालुवा दरौदीपुल- चनौटे दरौदी नदी नियन्त्रण</td><td>आर आई डि इन्जिनियरिङ कन्सल्टेन्सी</td><td>९८८७५०</td></tr>
<tr><td>१२६</td><td>मुच्चोकटार झायालाभुमे सडक</td><td>सुदिन कन्सल्टेन्ट एण्ड कन्सट्रक्सन</td><td>४९५३९२</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(nested table below)	

४२	सुरक्षा गाड तथा कर्मचारी आवास निर्माण	डब्लु आर सि ईन्जिनियरिङ	४९४३७५
३८२	ताप्ले मईभिर सडक	भूमिका टेक्निकल सर्भिस	९७२५०
२	घ्याचोक आवासीय विद्यालय निर्माण	डिजाइन भ्यू इन्जिनियरिङ कन्सल्टेली एण्ड कन्ट्रक्सन	४९४३७५
जम्मा			३४१६२४९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८			**भेरियसन आदेश** सार्वजानिक खरिद ऐन २०६३ को दफा ५४(१) मा खरिद संझौता गर्दाको बखत पर्वानुमान गर्न नसकिएको परिस्थिती संझौता कार्यान्वयनको क्रममा सृजना भएमा भेरियसन आदेश जारी गर्न सक्ने उल्लेख छ ।पालिकाको बैठक नं ८१,२०७८।१२।२५ नम्की कोलकोट भिरकुना सडकको भेरियसन अर्डर स्वीकृति समग्र ठेक्का संझौता रकमको१४.९ प्रतिशतको गरेको देखिन्छ ।शुरु लागत अनुमान रु ८२३२६४१०।४१ मा १८७८१६६७।७४ बृद्धि भइ रु १०११०८०७८।२० भएको र ठेक्का संझौता रकममा शुरु संझौता रकम रु ४५७३०९०३।६० मा रु.६८१६९२०।८४ थप भई रु ५२५४७८२३।७८ पुगेको देखिन्छ । केही आईटममा ७४९ प्रतिशत समेत बृद्धि भएको देखिन्छ । उदाहरणको रुपमा निम्नानुसारका आईटममा भएको भेरियसन लिन सकिन्छ ।	

Work	Quantity	After V.O. qty	Diff .Quantity	Increase %	Rate	Amount
Earthwork excavation	12300	46965.06	34665.06	281.82	174.58	6051826.17
Robble stone masonary	637.5	1792.9	1155.4	181.23	11377.68	10314577.10
Gabin work Earthwork excavation	286.5	2434.17	2147.67	749.62	636.02	1365961.07
Gabin box febrication and filling work	1755	2610	855.5	48.75	4305.02	3682944.61

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>यसरी लागत अनुमानको त्रुटीको कारणबाट विल अफ क्वान्टिटीको परिमाणमा थपघट हुने, केही सामान्य एलाईन्मेन्ट परिवर्तन गर्नुपर्ने तथा वास्तविक साईटको अवस्था अनुसार थप गर्नुपर्ने मुख्य कारण उल्लेख गरेको पाईन्छ । संझौता गर्नु अघि निर्माणको स्थलगत निरीक्षण विस्तृत आयोजना प्रतिवेदन तयारी र वातवरणिय अध्ययनमा पर्याप्त ध्यान पुग्न नसकेको देखिन्छ । पुर्वानुमान गर्न नसकिने कार्यमा मात्र भेरियसन गर्नु पर्ने कानुनी प्रावधान भएकोमा पुर्वानुमान गर्न सकिने कार्यमा समेत भेरियसन भएको देखिन्छ । यसले तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न नहुने र लागत बढ्ने हुदा सो सम्बन्धमा कार्यालयको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>नम्स भन्दा बढी भुक्तानी
मानिसले बुनेकोबाट दर विश्लेषण गरेकोमा मेशिनले बुनेको जाली प्रयोग गरीएकोले मानिसले बुनेको जालीकै दरमा मेशिनले बुनेको जालीको भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१२१४८३।०० असुल गर्नुपर्दछ ।
<table>
<tr><th>गो भ नं र मिति</th><th>कार्य</th><th>ग्याबिन जालीको साईज</th><th>जाली खरिद प्रति घनमिटरको</th><th>मेशिन बुनाई जाली प्रति घनमिटर रु</th><th>फरक दर</th><th>भुक्तानी भएको परिमाण</th><th>जम्मा</th></tr>
<tr><td>९६।०७८।११।२८</td><td>हिमचुली खेल मैदान निर्माण</td><td>३*१*१</td><td>५००६.३८</td><td>४९३१.०७</td><td>७५.३१</td><td>६३</td><td>४७४५</td></tr>
<tr><td></td><td></td><td>२*१*१</td><td>५१२७.७७</td><td>४८३७.४१</td><td>२९०.३६</td><td>१२६</td><td>३६५८५</td></tr>
<tr><td>२७२।०७९।१।८</td><td>कुसुन्डा पहिरो नियन्त्रण पिपलबोट</td><td>३*१*१</td><td>५२६२.७७</td><td>४९३१.०७</td><td>३३१.७</td><td>९४</td><td>३११८०</td></tr>
<tr><td>३०१।०७९।३।१५</td><td>चर्नोटे भच्चेक सडक</td><td>३*१*१</td><td>५२६२.७७</td><td>४९३१.०७</td><td>३३१.७</td><td>२८</td><td>९२८८</td></tr>
<tr><td>३४१।०७९।३।२३</td><td>बुद्धसेवा महिला समुह भवन सौचालय मम</td><td>२*१*१</td><td>५२६२.७७</td><td>४८३७.४१</td><td>४२५.३६</td><td>३८</td><td>१६१६४</td></tr>
<tr><td></td><td></td><td>३*१*१</td><td>५१४१.३८</td><td>४९३१.०७</td><td>२१०.३१</td><td>९</td><td>१८९३</td></tr>
<tr><td>१३७।०७८।१२।२१</td><td>खरिबोट वडास्तरीय खेल मैदान निर्माण</td><td>३*१*१</td><td>५००६.३८</td><td>४९३१.०७</td><td>७५.३१</td><td>४०.५</td><td>३०५०</td></tr>
<tr><td>१५४।०७८।१२।२९</td><td>चर्नोटे ढिस्का भचेक सडक स्तरोउन्नती</td><td>३*१*१.</td><td>५१४१</td><td>४९३१.०७</td><td>२०९.९३</td><td>८८.५</td><td>१८५७९</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td>१२१४८३</td></tr>
</table></td><td>१२१,४८४</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>गुराँस जोन

३८१।२०७९।३।२४ अजिरकोट गुराँस जोन निर्माण कार्यसम्पन्न रु.५२१४१६।५२ मध्ये रु.४६४४१३।०० उपभोक्ता समितिलाई भुक्तानी दिएकोछ । ९५ वटा गुराँस तथा जाली, १७ साना स्टक्चर, २ चौतारा निर्माण तथा एग्रिकल्चर वर्क समेतको काम गर्ने भनिएकोमा</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			मुल गुराँस जोन बनाउने कार्य प्रभावकारी नभएको देखिन्छ । गुराँसका कतिपय विरुवा मरेको अवस्था छ तथा यसको स्याहार सम्भारमा उपभोक्ता समिती तथा पालिकाले ध्यान दिएको देखिदैन । दिर्घकालिन सोच विनाको कार्यक्रममा वजेट छर्ने प्रवृतीमा रोक लगाउनुपर्दछ ।	
६१			**समानुपातिक कट्टी बढी भुक्तानी** ३०६।०७९।३।१६ नारद पोखरी बहुउदेश्यीय भवन कृषक समुह भवन निर्माण गर्न पालिकाले ६० र उपभोक्ताले ४० प्रतिशत गर्ने गरी रु.११७२३११।०० लागतमा उक्त निर्माण कार्य गरेकोमा ४० प्रतिशतले उपभोक्ताको अंश रु.४६८९२४। भएकोमा रु.६५७९७।०० मात्र व्यहोरेकोले नारद पोखरी बहुउदेश्यीय भवन कृषक समुह भवन निर्माण उपभोक्ता समितिबाट रु.३१२७ असुल गर्नु पर्दछ ।	३,१२७
६२			**सम्झौता तथा निर्णय प्राप्त नभएकोः** पालिकाको आन्तरिक आयको विश्लेषण गर्दा विरुवा नव जे भि ले आन्तरिक राजश्व खातामा रु.८५५९९२।०० राजश्व भुक्तानी गरेको देखिएकोमा सम्झौता तथा सो सम्वन्धी निर्णय लेखापरीक्षणको क्रममा प्राप्त भएन। फाइल प्राप्त नहुनाले तिरेको कर सहि हो होइन एकिन गर्न सकिएन। उक्त जे भि संग भएको सम्झौता र सो सम्वन्धमा भएका निर्णयको विवरण पेश गर्नुपर्ने रु.	८५५,९९२
६३			**कम आय प्राप्तिः** प्रदेश आर्थिक ऐन २०७७ को अनुसुची ६ मा रोडा ढुंगा गिट्टी चिप्स गेग्रान चट्टानको संकलनको दर प्रति क्यु फिट रु ७ का दरले कर संकलन गर्ने उल्लेख छ।पालिकाले वातावरणीय प्रभाव मुल्यांकन वेगर नगदी रसिदको प्रयोग गरी यस आर्थिक वर्षमा ढुंगा गिटी वालुवा विक्रि वापत प्रतिटिप रु ५००।०० का दरले राजस्व संकलन गरी रु.३८४६५०।०० आम्दानी जनाएको छ।यसरी प्रतिटिप रु.५००।०० का दरले संकलित रकमको हिसाव गर्दा जम्मा ७७० टिप दहत्तर वहत्तर विक्रि भएको देखिन्छ।पालिकाले प्रतिटिप ८८.२२५ क्यु फीट (२.५ घ.मि) को प्रति क्यु फिट ७ का दरले मुल्य अभिवृद्धि कर सहित रु.६९८।०० दरले ७७० टिपको जम्मा रु.५३७४६०।०० राजस्व संकलन गर्नुपर्नेमा रु.३८४६५०।०० मात्र राजस्व संकलन भएकोले घटी राजस्व संकलन भएको देखिएको रु.	१५२,४६०
६४			**दोहोरो सुविधाः** गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ को दफा ८ मा सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनयन भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तिभरण वा	४५७,२००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र सुविधा पाउने व्यवस्था गरेकोमा उक्त ऐनमा संशोधन गर्न मिति २०७६ भाद्र १३ गते प्रकाशित राजपत्रनुसार पारिश्रमिक र सुविधा सम्वन्धी केही कानूनलाई संशोधन गर्न वनेको ऐन, २०७६ को दफा २ ले साविकको दफा ८ लाई झिकिएकोमा पालिकाका पदाधिकारीले उक्त मिति पश्चातको मात्र दोहोरो सुविधा लिन मिल्नेमा वडा नं ३ वडाअध्यक्ष तयाराज गुरुङले २०७६ भाद्र १३ पश्चातको मात्र दोहोरो सुविधा वापतको रु.२८८००।०० मात्र पाउनेमा २०७४ सालदेखि ऐन संशोधन नभएको अवधिको समेत रु.४८६०००।०० भुक्तानी लिएकोले दोहोरो सुविधा भुक्तानी भएको रकम असुल गरी सञ्चितकोष दाखिला गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>तालिम सञ्चालनः
सार्वजनिक खरिद नियमावलीको नियम ९९ मा गैरसरकारी सस्थावाट कार्य गराँउदा त्यस्तो कामको आवश्यकता किसिम समयावधि कामको गुणस्तर तथा लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको र ९९(२) मा गैरसरकारी सस्थावाट काम गराउँदा नियम १८ वमोजिम मौजुदा सुचिमा समावेश भएका गैरसरकारी सस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रिय स्तर तथा स्थानीयस्तरको दैनिक समाचारमत्रमा सुचना प्रकाशन गरी सो सस्थावाट प्रस्ताव माग गरी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष देहायवमोजिम गैरसरकारी सस्थावाट कार्य गरेकोमा सुचना प्रकाशन नगरी एवम् सम्वन्धित कार्यको नर्म्स वमोजिम लागत अनुमान तयार नगरी गैरसरकारी सस्थाकै लागत अनुमानलाई मुल्यांकनको आधार वनाई कम लागत भएकालाई कार्य गराएको देखिन्छ।यसरी तालिमको नर्म्स अनुसार लागत अनुमान नगराई तथा सुचना प्रकाशन नगरी प्रतिशपर्धा सिमित हुने गरी खर्च गराएको रकम अनियमित देखिएको
<table>
<tr><th>गो भौ नं</th><th>कार्यक्रमको नाम</th><th>भुक्तानी पाउने</th><th>कार्यक्रम सञ्चालन दिन</th><th>सहभागी संख्या</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१९९</td><td>गुडिया वनाउने तालिम</td><td>सम्वृद्ध नेपाल गोरखा</td><td>१० दिन</td><td>१५ जना</td><td>४४९७४०</td><td>तालिमको प्रमाणपत्र गण्डकी गाउँपालिका गोरखाको</td></tr>
<tr><td>२०२</td><td>अचार वनाउने तालिम</td><td>सम्वृद्ध नेपाल गोरखा</td><td>१० दिन</td><td>२० जना</td><td>३९९७९४</td><td>प्रमाणपत्र सुर्यविनायक नगरपालिकाको</td></tr>
</table></td><td>१,३४९,५३४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२४५</td><td>कृष्टलको माला वनाउने तालिम</td><td>आर्दश नेपाल</td><td></td><td>१० जना</td><td>२५००००</td><td></td></tr>
<tr><td>२४६</td><td>मखमलको थैली र व्याग वनाउने तालिम</td><td>आर्दश नेपाल</td><td></td><td>१५ जना</td><td>२५००००</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१३४९५३४</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>आवास सुविधा
गाउँसभा नगरसभा र जिल्ला समन्वय समितीका सदस्यले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको ऐनको अनुसुची १ मा पदाधकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी व्यवस्था रहेको छ। सोही ऐनको दफा १६ मा कुनै पनि सदस्यले ऐनमा तोकिएको वाहेक अन्य सुविधा नपाउने व्यवस्था रहेको तथा कर्मचारीले समेत छुट्टै आवास सुविधा पाउने कानुनी व्यवस्था रहेको छैन। पालिकाले उपाध्यक्षको आवास सुविधाको लागी कुश वहादुर तामाङसंग मासिक १० हजारका दरले वार्षिक रु.१२००००।०० तथा अध्यक्षको आवास सुविधाको लागि मासिक २८०००।०० का दरले वार्षिक रु.३३६००० गरी कुल जम्मा रु.४५६०००।०० आवास प्रयोजनार्थ घरभाडा भुक्तानी गरेको देखिन्छ।यसरी जनप्रतिनिधि तथा कर्मचारीले आवास सुविधा पाउने कानुनी आधार नभएकोमा आवास प्रयोजनार्थ घरभाडा सम्झौता गरी भुक्तानी गरेकोले पालिकालाई थप व्ययभार परेको रु</td><td>४५६,०००</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>भरपाई विना सामाजिक सुरक्षा भत्ता वितरणः
आर्थिककार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७(१) मा सरकारीकार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात
सिलसिलावद्ध रुपमा राख्नुपर्ने व्यवस्थाछ।पालिकाले पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता हातहातै वितरण गरेकोमा देहायका लाभग्राहीको भरपाई वेगर भुक्तानी गरेको देखिएकाले असुल उपर गर्नुपर्ने रु
<table>
<tr><td>सि.न.</td><td>वितरण किताबको सि.न.</td><td>लाभग्राहीको प्रकार</td><td>लाभग्राहीको नाम</td><td>वडा न.</td><td>नागरिकता न</td><td>रकम</td></tr>
</table>
</td><td>२४,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

१	९८	जेष्ठ नागरिक	गैरा देवी अधिकारी	३	११६४	१२०००
२	१३८	जेष्ठ नागरिक	जलमाया गुरुङ्ग	३	९६७	१२०००
जम्मा						२४०००

</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>

बाकी रकम फिर्ता नभएको:

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को दफा २६ मा सामाजिकसुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोहि आर्थिक बर्षमा खर्च नभएमा संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले दोस्रो तेस्रो र चौथो त्रैमासिकमा भत्ता राष्टिय बाणिज्य बैंक, भच्चेक शाखामार्फत वितरण गरेकोमा देहायबमोजिमको बाँकी रकम संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा नगरेकोले बाँकी रकम सम्वन्धित वैकवाट असुल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु

त्रैमासिक	निकासा	वितरण	बाँकी
दोस्रो	२४८५९७५८	२४५८७४३२	२७२३२६
तेस्रो	२३७१८४०१	२३६०७४४३	११०९५८
चौथो	२३६१२३६०	२३९२९९५६	नपुग ३१७५९६
जम्मा			६५,६८८

</td><td>६५,६८८</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>

एउटै व्यक्तिलाई दोहोरो भुक्तानी:

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा १९मा विभागले स्थानिय तहको सामाजिक सुरक्षा सम्बन्धी सुचनालाई व्यवस्थित गर्न स्थानिय तह विभाग र बैंकतथा वित्तिय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत सुचना प्रणाली कार्यान्वयनमा लयाएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्ट गरी अद्यावधिक

</td><td>२४,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
गर्ने जिम्मेवारी सम्बन्धित स्थानिय तहको हुन्छ। लाभग्राहीलाई भत्ता वितरण गर्दा दोहोरो नहुने गरी वितरण गर्नुपर्दछ। लेखापरीक्षण योजना अनुसार छनौटमा परेका वडाको परीक्षण गर्दा देहायका लाभग्राहीको दोहोरो भुक्तानी भएको देखिन्छ।यसरी दोहोरो भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सि.न.</th><th>वडा न.</th><th>लाभग्राहीको प्रकार</th><th>लाभग्राहीको नाम</th><th>नागरिकता न.</th><th>जन्म मिति</th><th>भुक्तानी भएको त्रैमासिक</th><th>रकम</th></tr>
<tr><td>१</td><td>३</td><td>जेष्ठ नागरिक</td><td>काले गुरुङ्ग</td><td>१०९९</td><td>१२/२७/२००५</td><td>पहिलो</td><td>१२०००</td></tr>
<tr><td>२</td><td>३</td><td>जेष्ठ नागरिक</td><td>काले गुरुङ्ग</td><td>१०९९</td><td>०२/२७/२००५</td><td>पहिलो</td><td>१२०००</td></tr>
<tr><td>३</td><td>३</td><td>जेष्ठ नागरिक</td><td>कु माया गुरुङ्गसेनी</td><td>१०२४</td><td>०६/१५/२००४</td><td>पहिलो</td><td>१२०००</td></tr>
<tr><td>४</td><td>३</td><td>जेष्ठ नागरिक</td><td>कुमारी गुरुङ्गसेनी</td><td>१०२४</td><td>०६/१५/२००४</td><td>पहिलो</td><td>१२०००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>२४०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>
मृत्यु पश्चात भत्ता भुक्तानीः
सामाजिक सुरक्षा नियमावली २०७६को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सुचिबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नु पर्ने व्यवस्था छ।पालिकाले त्रैमासिक भत्ता वितरण गर्दा देहायको व्यक्तिको मृत्यु पश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता रकम सम्वन्धितवाट असुल गरि संघिय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सि.न.</th><th>लाभग्राहीको प्रकार</th><th>लाभग्राहीको नाम</th><th>नागरिकता नम्बर</th><th>वडा न.</th><th>मृत्यु मिति</th><th>बढी बुझेको त्रैमासिक</th><th>बढी बुझेको रकम</th></tr>
</table>
</td><td>३९,११०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>जेष्ठ नागरिक</td><td>निरमाया दमै</td><td>१३९३</td><td>३</td><td>०५/०९/२०७८</td><td>प्रथम</td><td>६७९३</td></tr>
<tr><td>२</td><td>जेष्ठ नागरिक</td><td>धन बहादुर दमै</td><td>८९१९</td><td>३</td><td>०४/०७/२०७८</td><td>प्रथम</td><td>११०५९</td></tr>
<tr><td>३</td><td>जेष्ठ नागरिक</td><td>कुमारी गुरुङ्गसेनी</td><td>८५३</td><td>३</td><td>०९/०४/२०७८</td><td>तेस्रो</td><td>३४५८</td></tr>
<tr><td>४</td><td>जेष्ठ नागरिक</td><td>होतराज लामिछाने</td><td>७८७</td><td>२</td><td>१०/१५/२०७८</td><td>प्रथम</td><td>१००००</td></tr>
<tr><td>५</td><td>जेष्ठ नागरिक दलित</td><td>तुमे दर्जि</td><td>३/१२९</td><td>२</td><td>०४/०२/२०७८</td><td>प्रथम</td><td>७८००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>३९,११०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फः
भत्ता वितरणः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी २०७५ को परिच्छेद ७ मा कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयको स्विकृती वेगर हातहातै नगद वितरण गर्न पाइने छैन भनी वैक मार्फत भत्ता वितरण गर्ने सम्वन्धमा विविध व्यवस्था गरेको छ।पालिकाले यो वर्ष ५ वटै वडा कार्यालयबाट प्रथम त्रैमासिकमा हातहातै रकम वितरण गरेकोमा प्रावधान वमोजिम मन्त्रालयको स्विकृती लिएको छैन ।हातहातै नगद वितरण गर्ने प्रणालीमा सुधार गरी वैकमार्फत मात्र भत्ता वितरण गर्ने व्यवस्था गर्नुपर्दछ।
सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा १९ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न,स्थानिय तह विभाग र वैंक/वित्तिय संस्थावीच प्रणालीगत सम्बन्ध स्थापित गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी वनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरि अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानिय तहको हुन्छ। लेखापरीक्षण योजना अनुसार सर्वैभन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाहरु ३ र ५को परीक्षण गर्दा देहायकालाभग्राहीको नागरिकता नम्बर दोहोरो तथा उल्लेख नै नगरी सामाजिक सुरक्षा भत्ता वापत रु ७०३,९२० भुक्तानी गरिएको पाइयो। के कसरी नागरिकता नम्बर दोहोरो तथा उल्लेख नै नभएको हो गाँउपालिकाबाट यकिन गर्नुपर्दछ। साथै अन्य वडाहरुको समेत लाभग्राहीको विवरण अद्यावधिक गरी भत्ता वितरण गरिनुपर्दछ।नागरिकता नम्बर दोहोरो तथा उल्लेख नै नभएका केहि लाभग्राहीहरुका उदाहरणहरु निम्नानुसार छनः</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

सि.न	लाभग्राहीको किसिम	नाम	लिङ्ग	जन्म मिति	वडा न.	नागरिकता नम्बर	भत्ता
१	जेष्ठ नागरिक	एक देव अधिकारी	पुरुष	०१/०४/२००६	३	०	४८०००
२	जेष्ठ नागरिक	खिला शर्मा दवाडी	पुरुष	०४/१५/१९९६	३	०	४८०००
३	जेष्ठ नागरिक	खुमनाथ भट्ट	पुरूष	११/२०/१९९८	३	०	४८०००
४	जेष्ठ नागरिक	डिल्लीराम अधिकारी	पुरुष	०७/०१/१९९४	३	०	४८०००
४	जेष्ठ नागरिक	ढक वहादुर अधिकारी	पुरुष	०१/०४/१९९७	३	०	४८०००
५	जेष्ठ नागरिक	नेत्र वहादुर अधिकारी	पुरुष	०५/०६/१९९२	३	०	४८०००
६	जेष्ठ नागरिक	आशा गुरुङ्ग	महिला	०८/११/१९९९	३	१०१६	४८०००
७	जेष्ठ नागरिक	काली गुरुङ्ग	महिला	०४/१२/१९९२	३	१०१६	४८०००
८	जेष्ठ नागरिक	इन्द्र वहादुर पोखरेल	पुरुष	०२/१२/१९९६	३	९२१	४८०००
९	जेष्ठ नागरिक	सन्त माया गुरुङ्ग	महिला	१२/०७/१९९६	३	९२१	४८०००
१०	जेष्ठ नागरिक	गावर्धन गुरुङ्ग	पुरुष	१२/१३/१९८७	३	९०६	४८०००
११	जेष्ठ नागरिक एकल महिला	विज माया तामाङ्ग	महिला	०३/२१/२०१८	३	९०६	३१९२०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२</td><td>जेष्ठ नागरिक</td><td>पूर्ण कुमारी गुरुङ्ग</td><td>महिला</td><td>१२/२०/१९९७</td><td>३</td><td>२०५२३</td><td>४८०००</td></tr>
<tr><td>१३</td><td>जेष्ठ नागरिक</td><td>टेक वहादुर गुरुङ्ग</td><td>पुरुष</td><td>११/२९/१९९७</td><td>३</td><td>२०५२३</td><td>४८०००</td></tr>
<tr><td>१४</td><td>जेष्ठ नागरिक</td><td>चन्द्रा देवी अधिकारी</td><td>महिला</td><td>०३/१४/१९९०</td><td>३</td><td>१०३</td><td>४८०००</td></tr>
<tr><td>१५</td><td>जेष्ठ नागरिक</td><td>चेत कुमारी अधिकारी</td><td>महिला</td><td>०२/१०/२००७</td><td>३</td><td>१०३</td><td>४८०००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>७०३,९२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>अनुगमन तथा संपरीक्षण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।यस वर्ष कार्यालयले वेरुजु फछ्यौट गरी संपरीक्षणको लागि पेश गरेको छैन। कार्यालयले वेरुजु फछ्यौट गरी वित्तिय शुसाशन कायम गर्नुपर्दछ।</td><td></td></tr>
</table>

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम निर्देशिका, २०६६ को परिच्छेद ९ को बुदाँ नं. ९.७ मा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत संचालित कर्यक्रमको लागि सरोकारवालाहरुको कूल लागतमा (लठ्ठा र वुल्डग ग्रिप्स समेत) छोटोतरिको नयाँ निर्माणमा नेपाल सरकार क्षेत्रगत कार्यक्रमको ९२ प्रतिशत, सम्वन्धित पालिकाको ६ प्रतिशत र समुदायको योगदान बढीमा २ प्रतिशत गरी १०० प्रतिशत लागत व्यहोर्नु पर्ने उल्लेख छ । पालिकाले यस आ.व. मा देहायका छोटोतरिको झोलुङ्गे पुल निर्माण गर्न पालिका उपभोक्ता समिती र संघिय शर्शत अनुदानमा लागत साझेदारी गर्ने गरी संझौतामा पालिकाको १३ प्रतिशत र उपभोक्ता समितीको २ प्रतिशत रकम व्यहोर्ने भनिएता पनि निम्न पुल निर्माणमा संझौता बमोजिमको लागत साझेदारी नभई सम्पुर्ण रकम शर्शत अनुदानवाट भुक्तानी भएकोमा प्रतिक्रियावाट संघिय फिर्ता वापतको रु	३११८७.००

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>२०२७२१।०० फिर्ता भएकोले वाँकी २ प्रतिशत रकम रु ३११८७।८८ उपभोक्ता समितीवाट असुल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>क्र स</td><td>योजनाको नाम</td><td>कुल मुल्यांकन</td><td>संघिय शर्शत अनुदानवाट भुक्तानी हुनुपर्ने</td><td>गापाको १३ प्रतिशतले हुने भुक्तानी</td><td>उपभोक्ता समितिबाट २ प्रतिशतले हुने भुक्तानी</td></tr>
<tr><td>१</td><td>सादीखोला झोलुङ्गे पुल निर्माण</td><td>७६७७७२</td><td>६५२६०६।२</td><td>९९८१०।३६</td><td>१५३५५।४४</td></tr>
<tr><td>२</td><td>अधेरीखोला झोलुङ्गे पुल निर्माण</td><td>७९१६२२</td><td>६७२८७८।७</td><td>१०२९१०।८६</td><td>१५८३२।४४</td></tr>
<tr><td></td><td>जम्मा फिर्ता गर्नुपर्ने रकम</td><td></td><td></td><td></td><td>३११८७।८८</td></tr>
</table></td><td></td></tr>
<tr><td>२</td><td>विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ बमोजिम कार्यालयले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड खरिद तथा वितरण कार्यक्रमको लागि रु ९,३७,१४२।-रकम खर्च लेखेको देखिन्छ । सोही बमोजिम कार्यालयलबाट खरिद गरिएका ११९५० थान स्यानिटरी प्याड विद्यालयमा वितरण नभई लेखापरीक्षण अवधिसम्म पालिकाको भण्डारमा रहेकोमा प्रतिक्रियासाथ ९००० थान वितरण गरी प्रमाण पेश भएको र २९५० थान स्टोरमा देखिन्छ।गत आव मा नै वितरण गर्नु पर्ने उक्त सामग्री शैक्षिक सत्र सुरु भएको ५ महिना सम्म पनि कार्यालयले विद्यालयलाई वितरण नगरी पालिकामा रहेकोले २९५० थान यथाशिघ्र वितरण गरी सो को प्रमाण पेश गर्नुपर्ने</td><td>२३१३४४.००</td></tr>
</table>